**प्रस्तावहरू**

१. उत्कृष्ट योजना छनौट सम्बन्धमा ।

२. जनताको आगनमा नगरपालिका कार्यक्रम सम्बन्धमा ।

३. वडा कार्यालयको जग्गा खरिद सम्बन्धमा ।

४. फरफारक सम्बन्धमा ।

५. बैकल्पिक सडक सम्बन्धमा ।

६. भ्रमण सम्बन्धमा ।

७. कडा रोगको उपचार सहयोग ।

८. योजना सम्बन्धमा ।

९. योजना सम्बन्धमा ।

१०. आर्थिक सहयोग ।

११. बजेट ब्यबस्था ।

१२. जग्गाको भोगाधिकार सम्बन्धमा ।

**निर्णयहरू :**

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा योजना मूल्यांकन, पेश्की बेरूजु तथा योजना फरफारक समिति, पनौती नगरपालिका मार्फत पेश भएका २० वटा योजनाहरू मध्येबाट सम्झौताको मिति, काम सम्पन्न गर्ने मिति, योजनाको लागत अनुमान, प्राविधिक मूल्यांकन, काम सम्पन्न गरेको मिति, योजना फरफारक मिति र योजनाको दिगोपन सूचांकको आधारमा निम्न योजनाहरू उत्कृष्ट योजनको रूपमा छनौट गर्ने निर्णय गरियो ।

| सि.नं. | आयोजनको नाम | वडा नं. | विनियोजित रकम | लागत अनुमान | मूल्यांङ्कन रकम |
|---|---|---|---|---|---|
| १ | सेतोपाटी थापा गाउँ मोटर बाटो | पनौती-३ | ८,००,०००।- | ९९७,६९३।८९ | १०,०७,३५६।११ |
| २ | लाकुरी बोटदेखी जुगुगाउँ हुदै पनौती-९ खल्थली जाङ्ने बाटो फराक पारी ग्रावेल | पनौती-१० | १०,००,०००।- | १२,१८,६६१।५५ | १२,१९,७६५।७० |
| ३ | ठुलो दोबाटो गणेशस्थान जलेश्वर सडक स्तरोन्नती | पनौती-५ | १०,००,०००।- | १२,५०,२१०।२२ | १२,६०,०५३।३० |

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा चालु बर्षका लागि स्वीकृत जनताको आगनमा नगरपालिका कार्यक्रम देहाय बमोजिम संचालन गर्ने निर्णय गरियो ।

| वडा नं. | स्थान | मिति | समय |
|---|---|---|---|
| १ | वडा कार्यालय | ०७५।१२।०९ | विहान ७:०० बजे |
| २ | वडा कार्यालय | ०७५।१२।१० | विहान ७:०० बजे |

| | | | |
|---|---|---|---|
| ३ | वडा कार्यालय | ०७५।१२।१० | विहान ७:०० बजे |
| ४ | वडा कार्यालय | ०७५।१२।११ | विहान ७:०० बजे |
| ५ | वडा कार्यालय | ०७५।१२।१२ | विहान ७:०० बजे |
| ६ | वडा कार्यालय | ०७५।१२।१३ | विहान ७:०० बजे |
| ७ | काठं गणेश | ०७५।१२।१४ | विहान ७:०० बजे |
| ८ | वडा कार्यालय | ०७५।१२।१५ | विहान ७:०० बजे |
| ९ | शारदा मा.वि. | ०७५।१२।१६ | विहान ७:०० बजे |
| १० | विन्धवासिनी साकोसको हल | ०७५।१२।१७ | विहान ७:०० बजे |
| ११ | वडा कार्यालय | ०७५।१२।१८ | विहान ७:०० बजे |
| १२ | वडा कार्यालय | ०७५।१२।१९ | विहान ७:०० बजे |

निर्णय प्रतिलिपी उतार

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा वडा कार्यालय र वसपार्कको लागि आवश्यक जग्गा ब्यवस्थापन गर्ने समितिको क्षेत्राधिकार स्पष्ट तोकि नगर कार्यपालिकाको ०७५।१०।०६ को निर्णयले छनौट सिफारिश समिति गठन भएको, गठित समितिको बैठकले क्षेत्राधिकार भित्र रहि संभावित जग्गाको पहिचान, आपसी वार्ता र आधारमूल्य समेत खुलाई नगरपालिकामा सिफारिश गरेको, कार्यपालिकाले उक्त सिफारिशलाई आवश्यक कार्यान्वयनका लागि कार्यालयमा पठाएको, कार्यपालिकाको अनुमतिका आधारमा खुल्ला एवं प्रतिस्पर्धात्मक तरिकाले जग्गा प्राप्तीका लागि निवेदन आब्हान गर्न ०७५।१०।२१ मा आवश्यक विवरण खुलाई सूचना सार्वजनिक गरेकोमा प्रकाशित १५ दिने सूचनाको हदम्याद भित्र एउटै साँध सिमाना जोडिने गरी सक्कलै ज.ध.प्र.पु. सहित २ जनाको निवेदन पर्न आएको, प्राप्त निवेदन बमोजिम पनौती नगरपालिका वडा नं. ३ बस्ने थिरकुमारी सापकोटाले साविक कुशादेवी-८ बाट नापजाँच भएको कि.नं. ८४७ को ०-४-२ ३/४ क्षे.फ. भएको मालपोत कार्यालय काभ्रेमा दर्ता श्रेस्ता कायम भएको जग्गा प्रति आना रू. १,२७,५००।- मा दिने गरी मञ्जुरी गरेको साथै सोही वडा निवासी रामप्रसाद सापकोटाले ऐ. ठेगाना भएको कि.नं. ११८८, ११८९, ८५२ र ८५३ को क्रमशः १-५-२-०, १-५-२-२, ०-१२-०-०.५ र ०-०-२-०.५ क्षे.फ. भएको जग्गा प्रति आना रू. १,२७,५००।- मा दिने गरी मञ्जुरी गरेको, उल्लेखित दुवैले नगरपालिकालाई मूल्य लिई उपलब्ध गराउने मञ्जुर गरेको जग्गा निजहरूको एकलौटी हकभोग भएको, कुनै खर खिचोला नभएको मुख्य सडकसंग जोडिएको, आवश्यक क्षे.फ. पर्याप्त हुने, नगरपालिकाको सूचना अनुसारको आधार मूल्य सीमा भित्र रहेको, सम्बन्धित वडाका अध्यक्षको रोहवरमा नगर कार्यपालिका कार्यालयका कर्मचारीले २०७५।११।०३ मा गरिएको स्थलगत सर्जमीन मुचुल्काले जग्गाको चलन चल्तीको मूल्य सोही स्थान र प्रकृतिको जग्गाको मूल्य प्रति आना रू. २,५०,०००।- पर्ने भनि उल्लेख भएको जसबाट प्रस्तावित मूल्य तुलनात्मक रूपमा सस्तो देखिएको, आसपास मालपोत कार्यालयमा रजिष्ट्रेशनका बखत राखिएको थैली भन्दा बढि देखिएता पनि पर्याप्त पूर्वाधारको संभावना एवं मुख्य सडकसंग जोडिएको कारण प्रस्तावित मूल्यलाई आधार बनाई उक्त जग्गा खरिद गर्न उपयुक्त एवं मनासिव देखिएकोले प्राप्त निवेदनका आधारमा पाँचै कित्ता जग्गाको पुरै क्षे.फ. प्रति आना रू.१,२७,५००।- मा खरिद गर्ने निर्णय गरियो साथै

विजय राम पौडेल
प्रशासकीय अधिकृत

खरिद सम्बन्धमा मालपोत कार्यालयमा गर्नुपर्ने लिखत पारित प्रयोजनका लागि वडा अध्यक्ष किशोर थापालाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा पेश्कि बेरुजु तथा योजना फरफारक समितिको मिति २०७५।११।२७ गतेको निर्णयानुसार कार्य सम्पन्न भएका निम्न अनुसारका योजनाको फरफारकका लागि पेश हुन आएका योजनाहरूको फरफारक गरि बाँकी रकम सम्बन्धित उपभोक्ता समितिलाई भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | वडा नं. | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | महादेव स्थान लड्केश्वर मोटरबाटो स्तरोन्नती | ११ | ५,००,०००।- | |
| २ | रोशी खोला सिढि निर्माण | ७ | ४,००,०००।- | |
| ३ | पनौती पाठशाला भवन निर्माण | ८ | २०,००,०००।- | |
| ४ | डुकाव तल्लो घिमिरे गाउँ भंगेरी मोटरबाटो | ३ | १०,००,०००।- | |
| ५ | कुशादेवी घिमिरे गाउँ वडारे मोटरबाटो (साझेदारी समपुरक कोषबाट) | ३ | १०,००,०००।- | |
| ६ | संत्सग भवन अधुरो निर्माण कार्य | ८ | ५,००,०००।- | |
| ७ | कामीगाउँ स्याम दाहालको घरबाट काभ्राकोबोट बाटो | ४ | २,००,०००।- | |

निर्णय प्रतिलिपि उतार

५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा बैकल्पिक सडक (पुण्यमाता कोरिडोर आयोजना) को निम्नानुसारको तीन खण्डको देहाय अनुसारको लागत ईष्टिमेट बमोजिम ठेक्का बन्दोवस्तबाट उक्त निर्माण कार्य गराउने निर्णय गरियो ।

**निम्न :**

क) दुधमिलदेखि बिचारीपाटी खण्डको पुण्यमाता खोला संरक्षण कार्य पनौती-६ रू. १,८५,८७,२१३।७५

ख) विचारी पाटीदेखि वडा कार्यालय खण्डको पुण्यमाता खोला संरक्षण कार्य पनौती-६ रू. १,८८,३३,३८६।८६

ग) वडा कार्यालयदेखि ढलमले खण्डको पुण्यमाता खोला संरक्षण कार्य पनौती-६ रू. १,८६,८७,२८०।७०

६. प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस नगरपालिकाको सिकाई क्षमता अभिबृद्धिका लागि सम्बन्धित बजेट खर्च शिर्षकबाट नगरकार्यपालिकाका पदाधिकारी र कर्मचारीहरूको २ समूहमा विभक्त गरि ०७५।१२।२० देखि ऐ. २५ सम्म र ०७६।०१।०७ देखि ऐ. १२ सम्म देशका विभिन्न नगरपालिकाहरूको अवलोकन भ्रमण गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ उपर छलफल गर्दा स्वास्थ्य तर्फ विशेषज्ञ स्वास्थ्य शिविर संचालन गर्न विनियोजित रू. १२ लाख मध्येबाट कमजोर विरामीहरूको कडा रोगको उपचार सहयोगका लागि रू. ५ लाख र मोतियाविन्दुको निःशुल्क शल्यकिया कार्यक्रमका लागि रू. ५ लाख ब्यवस्था गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ उपर छलफल गर्दा नगद सहभागीतामा आधारित साझेदारी कार्यक्रमबाट स्वीकृत निम्न योजनाहरू हालसम्म सम्झौता हुन नआएकोले उक्त योजनाको सट्टा देहाय बमोजिमको योजना स्वीकृत गर्ने निर्णय गरियो ।

**निम्न :**

क) पाथीभरा पाटी निर्माण पनौती-८ मा नगरपालिकाको अंश रू. ३ लाख र

ख) साविक मल्पी-४ हाल वडा नं. ८ को ट्रान्समीटरदेखि शंम्भु राउतको घरसम्म बाटो स्तरोन्नती तथा ढलान कार्यमा नगरपालिकाको अंश ८ लाख मध्येबाट २ लाख गरी (यस योजनामा रू. ४ लाख बाँकी राख्ने) कूल रू. ५ लाख

विजय राज पौडेल

नगरपालिकाको अंश ब्यहोर्ने गरी जुगेनी खोल्सा कल्भर्ट निर्माण योजना पनौती-९ कुल ७ लाखको साझेदारी योजना स्वीकृत गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ उपर छलफल गर्दा यातायात पूर्वाधार निर्देशनालय हेटौंडा, मकवानपुरको पं.सं. ०७५/७६ मिति २०७५।११।१७ को पत्रानुसार मुख्यमन्त्री ग्रामीण सडकका रूपमा ग्वार्को लाकुरी भज्याङ्ग, पनौती वाहालटार-चौकीडाँडा-कटुन्जेवेशी सडक छनौट गरी प्राप्त हुन आएको ढाँचामा भौतीक पूर्वाधार विकास मन्त्रालय यातायात पूर्वाधार निर्देशनालय हेटौंडामा पठाउने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० उपर छलफल गर्दा यस नगरपालिका वडा नं. ८ पाटी थुम्का निवासी लक्ष्मण सापकोटालाई सगरमाथा आरोहणका लागि हिमाल आरोहणको प्रतिवेदन सहितको दृष्य पेश गर्ने गरी सम्बन्धित खर्च शिर्षकबाट रू. २ लाख प्रोत्साहन स्वरूप निजलाई सहयोग पुऱ्याउन प्रथम साहित्यिक सगरमाथा आरोहण सहयोग समितिलाई उक्त रकम उपलब्ध गराउने निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रको सामुदायिक विद्यालयको परीक्षा व्यवस्थापनका लागि बजेट अपर्याप्त भएकोले उक्त कार्यका लागि उपयुक्त खर्च शिर्षकबाट थप रू. ३ लाख व्यवस्था गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं. १२ उपर छलफल गर्दा यस नगरपालिकाको वडा नं. ९ स्थित ओमडाँडामा विगत लामो समयदेखि संचालनमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रका लागि भवन सहितको आवश्यक पूर्वाधार निर्माण गर्न हाल उक्त स्वास्थ्य संस्था रहेको कि.नं. १६८ र १२८को क्षे.फ. मध्येको प्रर्ती ऐलानी जग्गाको बिचमा रहेको खाली रातो पोखरी डाँडाको १० (दश) रोपनी जग्गाको भोगाधिकार सहितको निस्सा प्राथमिक स्वास्थ्य केन्द्र सुन्थानका नाममा उपलब्ध गराई दिन सम्बन्धित निकायमा सिफारिश गर्ने निर्णय गरियो ।

१३. प्रस्ताव नं. १३ उपर छलफल गर्दा प्रदेश स्तरिय बजेटबाट निर्माण गर्न ठेक्का आव्हान भएको मल्पी लिलावती संचाई योजनाको बन्जारा गाउँदेखि टौखाल खण्डको ३० लाखबाट योजना संभौताका आधारमा बाँकी हुन आएको रकम रू. १४,७३,९८६।२७ रकमबाट पनौती-४ स्थित ज्यालाचिटी फाँट, बास्डोल खोला कुलो ढलान योजना छनौट गरि प्रदेश मन्त्रालयमा पठाउने निर्णय गरियो ।

निर्णय प्रतिलिपी उतार

विजय राज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
२०७४

प्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत